## मिति २०८३/०३/२२ मा बसेको ७५ औँ कार्यपालिका बैठकका निर्णयहरु :

आज मिति २०८३।०३।२२ गते सोमबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री गणेशबहादुर के.सी.ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री गणेशबहादुर के.सी. | गाउँपालिका अध्यक्ष |
| २ | | श्री डोल्मामाया गोले | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री रामप्रसाद घिमिरे | १ नं. वडा अध्यक्ष |
| ४ | | श्री देविमाया लामा | २ नं. वडा का वा अध्यक्ष |
| ५ | | श्री मनोजकुमार पराजुली | ३ नं. वडा अध्यक्ष |
| ६ | | श्री कृष्णप्रसाद तिमल्सिना | ४ नं. वडा अध्यक्ष |
| ७ | | श्री भूमिनन्द घिमिरे | ५ नं. वडा अध्यक्ष |
| ८ | | श्री विनोद चौरेल | ६ नं. वडा अध्यक्ष |
| ९ | | श्री मन्दिरा तिमल्सिना (घिमिरे) | कार्यपालिका सदस्य |
| १० | Renuka | श्री रेनुका सञ्जेल | कार्यपालिका सदस्य |
| ११ | | श्री लक्ष्मी सञ्जेल | कार्यपालिका सदस्य |
| १२ | | श्री गुप्तबहादुर ब्राह्मु | कार्यपालिका सदस्य |
| १३ | चित्र | श्री चित्रकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| १४ | | श्री सन्दिप न्यौपाने | सदस्य-सचिव |

**अन्य उपस्थिति:**

श्यामबहादुर खनाल, वरिष्ठ शाखा अधिकृत, अधिकृतस्तर आठौं

**मिति २०८३/०३/२२ मा बसेको ७५ औँ कार्यपालिका बैठकका निर्णयहरु :**

**कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची**

बैठक सङ्ख्याः **७५ औँ**

अध्यक्षताः **श्री गणेशबहादुर के.सी.**

बैठक मितिः **२०८३।०३।२२**

बैठक स्थानः **महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर।**

बैठक समयः **बिहान ११:०० बजे**

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| २०८३।०३।२२ | ११:०० बजे | स्थानीय पाठ्यक्रम प्रतिवेदन स्वीकृत सम्बन्धमा | | १ |
| २०८३।०३।२२ | ११:१५ बजे | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा | | २ |
| २०८३।०३।२२ | ११:२५ बजे | विविध | | ३ |

सन्दिप ... 
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

**मिति २०८३/०३/२२ मा बसेको ७५ औँ कार्यपालिका बैठकका निर्णयहरु :**

**बैठक निर्णयका सम्बन्धमा असहमतिको टिप्पणी**
**कार्यपालिकाको बैठक नं. ७५, मिति: २०८३।०३।२२**

गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ललितपुर

**निर्णयको विषय:**

**निर्णयको विषयमा रहेको असहमति:**

**असहमति व्यक्त गर्ने पदाधिकारीको विवरण:**
**दस्तखत:**
**नाम:**
**पद:**

आज मिति २०८३।०२।२२ गतेको कार्यपालिकाको बैठकको निर्णयउपर कुनै पनि सदस्यले बैठकका निर्णयका सम्बन्धमा असहमतिको टिप्पणी नगरेको बेहोरा प्रमाणित गरिन्छ।

सन्दिप च्यौपानी
प्रमुख प्रशासकीय अधिकृत

# मिति २०८३/०३/२२ मा बसेको ७५ औं कार्यपालिका बैठकका निर्णयहरु :

**पूर्व बैठकको समीक्षा**

मिति २०८३।०३।०९ मा बसेको ७४ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**मिति २०८३।०३।२२ मा बसेको ७५ औं कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** महाङ्काल गाउँ कार्यपालिकाको स्थानीय पाठ्यक्रम प्रतिवेदन स्वीकृत सर्वसहमतिले गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** मिति २०८३।०३।२२ गतेको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयहरु अनुमोदन सर्वसहमतिले गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** क) स्थानीय पूर्वाधार विकास विभाग, पुल्चोक, ललितपुरको गुम्बा पुनर्निर्माण कार्यक्रमको कार्यान्वयन सम्बन्धमा प.सं.: २०८२/८३, च.नं.: ४०१, मिति:- वि.सं.२०८२/०९/१३ गतेको पत्रानुसार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट हस्तान्तरण भई आएका भुकम्पबाट क्षति भएका पुनर्निर्माण सम्बन्धी कार्यक्रम चालु आ.व. २०८२/८३ देखि यस गाउँ कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन गर्न सहमति प्रदान गरिएकाले, मिति २०८२/०९/०३ गतेको अर्थ मन्त्रालय, मन्त्रीस्तरीय निर्णयबाट **ॐ नमो बुद्ध उग्यार्न दोर्जे गुम्बा** महाङ्काल गाउँपालिका- ३ को चालु आ.व.२०८२/८३ मा रु. १२ लाख मात्र विनियोजन भइसकेको अवस्था छ । ॐ नमो बुद्ध उग्यार्न दोर्जे गुम्बा निर्माण उपभोक्ता समितिको काम गर्ने म्याद २०८२ ज्येष्ठ मसान्तसम्म मात्र रहेको, स्थानीय पूर्वाधार विकास विभाग, पुल्चोक, ललितपुरबाट चालु आवमा कार्यान्वयन गर्नका लागि लेखि आएकाले ॐ नमो बुद्ध उग्यार्न दोर्जे गुम्बा निर्माण उपभोक्ता समितिको काम गर्ने म्याद २०८३आषाढ २२ गतेसम्म कायम गरी प्राविधिक नाप जाँच बमोजिम रु. ६,७९,८५३/३० (अक्षेरेपि छ लाख उनासी हजार आठ सय त्रिपन्न रुपैयाँ तीस पैसा मात्र) भुक्तानी दिने, सो भुक्तानीका सम्बन्धमा कार्यपालिकामा जिम्मेवारी, जवाफदेही र उत्तरदायित्त्व रहने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई भुक्तानी दिन निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो ।

ख) काठमाडौं जिल्लाको बुढानिलकण्ठ नगरपालिकाले यस महाङ्काल गाउँपालिकालाई विपद् व्यवस्थापनमा आर्थिक सहयोग दिने सूचना प्राप्त भएकाले उक्त नगरपालिकालाई आर्थिक सहयोग गरिदिनुहुनका लागि अनुरोध गर्दै पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो ।

ग) Geo-Referenced Water Supply, Sanitation and Hygiene (WASH) Plan सम्बन्धमा महाङ्काल वडा नं. १ र ३ को साराङ्ग कन्सल्टेन्सी एण्ड सर्भिस प्रा.ली., ललितपुर महानगर- २७, ललितपुरले तयार गरेको Geo-Referenced Water Supply, Sanitation and Hygiene (WASH) Plan लाई स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष